प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिबिजन कार्यालय
तानसेन, पाल्पा

फोन नः ०७५-५९००२०
ईमेलः sddopalpa@gmail.com
Web site: sddopalpa.lumbini.gov.np

प.सं. ०७८/७९
च.नं. ५२

मितिः २०७८।७।२९

**विषयः सम्झौता गर्ने सम्बन्धमा ।**

श्री जो जससँग सम्वन्धित छ ।

प्रस्तुत विषयमा आ.व २०७८।०७९ को यस कार्यालयलाई प्राप्त वार्षिक स्वीकृत कार्यक्रम अनुसार ब.उ.शि.नं. ३५०००१९ " उच्च शिक्षा कार्यक्रम " अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम रहेको हुँदा पाल्पा र गुल्मी जिल्लाका रंगशाला/खेलमैदान/ कभर्डहल निर्माण/उपभोक्ता समितिहरुले निम्न बमोजिमका कागजात सहित मिति २०७८।०८।१३ गते भित्र रंगशाला/खेलमैदान/कभर्डहल निर्माण प्रस्तावना तयार गरी कम्तीमा दुइजना पदाधिकारी सहित यस सामाजिक विकास डिबिजन कार्यालय तानसेन, पाल्पामा सम्झौता गर्नुहुन अनुरोध छ। साथै तोकिएको म्याद भित्र सम्झौता नभएमा सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्न बाध्य नहुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल:**

१. गहत्यार खेलमैदान निर्माण रुरुक्षेत्र - १, गुल्मी (रङ्गशाला/खेलमैदान) रु दश लाख मात्र ।
२. दहखोला सारीपाटा खेलमैदान निर्माण मदाने - ६, गुल्मी (रङ्गशाला/खेलमैदान) रु दश लाख मात्र ।
३. वाग्ला मा.वि. खेलमैदान निर्माण धुर्कोट गुल्मी (रङ्गशाला/खेलमैदान) रु दश लाख मात्र ।
४. गैरिशंकर ब्याडमिन्टन कर्भडहल निर्माण रेसुङ्गा - ७, गुल्मी (रङ्गशाला/खेलमैदान) रु दश लाख मात्र ।
५. रिब्दीकोट खेलमैदान, रिब्दीकोट - २ पाल्पा (रङ्गशाला/खेलमैदान) रु पन्ध्र लाख मात्र ।

**आवश्यक कागजातहरु**

१. सम्वन्धित रंगशाला / खेलमैदान/ कभर्डहल निर्माण / उपभोक्ता समितिको सम्झौता निवेदन पत्र ।
२. खेल संरचना निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात ।
३. निर्माण कार्यको विस्तृत विवरण र सोको प्रमाणित लागत अनुमान ।
४. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समयसिमा सहितको स्पष्ट कार्ययोजना ।
५. गत वर्षमा सरकारी रकम वा अन्य स्रोत प्रयोग गरी निर्माण कार्य भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण ।
६. खेल संरचना निर्माणका लागि यस कार्यालय वाट उपलब्ध गराईने रकमको कम्तीमा १० प्रतिशत साझेदारी गर्ने सम्वन्धित स्थानिय तहको सुनिश्चितता सहितको पत्र ।
७. निर्माण गरिने खेल संरचनाको नक्शा, ड्रइङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी ।

.................
हरिलाल अर्याल
हरिलाल अर्याल
कार्यालय प्रमुख